# स्थानीय राजपत्र

सुन्दरबजार नगरपालिकाद्धारा प्रकाशित

खण्ड २) लमजुङ, असार ३० गते, २०७५ साल (अतिरिक्ताङ्क १३

# भाग १

## सुन्दरबजार नगरपालिकाको विनियोजन ऐन, २०७५

**सुन्दरबजार नगरपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः** सुन्दरबजार नगरपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम सुन्दरबजार नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “सुन्दरबजार नगरपालिकाको विनियोजन ऐन, २०७५” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७५।०७६ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ४९११७७८२१.०० (अक्षेरुपी उनान्चास करोड एघार लाख सतहत्तर हजार आठ सय एक्काईस ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को लागि सुन्दरबजार नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ

बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

**सुन्दरवजार नगरपालिका**

## नगर कार्यपालिकाको कार्यालय

**सुन्दरवजार, लमजुङ**

**आ.व. २०७५।७६को आय व्यय विवरण**

| आय तर्फ | | | | | व्यय तर्फ | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | आय शिर्षक | २०७३।७४को यथार्थ | २०७४।७५को संशोधित अनुमान | २०७५।७६को अनुमान | | व्यय शिर्षक | २०७३।७४को यथार्थ | २०७४।७५को संशोधित अनुमान | २०७५।७६को अनुमान |
| १ | **संघीय सरकार अनुदान** | **१०७९६१०००।००** | **४१३७५८०००।००** | **४३२८१९०००।००** | १ | **संघीय सरकार अनुदान खर्च** | ९८५९२९१८।९० | ४१३७५८०००।०० | ४३२८१९०००।०० |
| क) | वित्तिय समानीकरण | | १५८९४६०००।००० | ९३३०००००।०० | क) | **चालु खर्च** | ५०९२६२५०।९० | ३०८०८०७५५।०० | ३४४७३१३५५।०० |
| ख) | सशर्त अनुदान | | १९३४०६०००।००० | २२१७०००००।०० | १ | वित्तिय समानीकरण | | ५४६५०७५५।०० | १६८७७५००।०० |
| ग) | सामाजिक सुरक्षा(जेष्ठ, असहाय लगायत) भत्ता | ३३५५४०००।०० | ५८८९९०००।०० | ५८८९९०००।०० | २ | सशर्त अनुदान | | १९२६२४०००।०० | २१७९९२०००।०० |
| घ) | राजश्व बांडफाड | | ०।००० | ५८९२००००।०० | ३ | राजश्व बांडफांडबाट | | ०।०० | ५०९६२८५५।०० |
| ङ) | न.पा.अनुदान (चालू/पूजिगत खर्च) | ३७०१९०००।०० | | ०।०० | ४ | न.पा.अनुदान (चालू खर्च) | ४०८४७१६।५० | | ०।०० |
| च) | अन्य अनुदान (चालू/पूजिगत खर्च) | ३७३८८०००।००० | २५०७०००।००० | ०।००० | ५ | सामाजिक सूरक्षा(जेष्ठ नागरिक असहाय लगायत)भत्ता | ३१०२४४२३।०० | ५८८९९०००।०० | ५८८९९०००।०० |
| २ | **प्रदेश सरकार अनुदान** | **०।०००** | **०।०००** | **१४९५८८२१।०००** | ६ | अन्य अनुदान | १५८१७१११।४० | १९०७०००।०० | |
| क) | वित्तिय समानिकरण अनुदान | | ०।००० | ११७३१०००।००० | ख) | **पूंजिगत खर्च** | ४७६६६६६८।०० | १०५६७७२४५।०० | ८८०८६२४५।०० |
| ख) | सशर्त अनुदान | | ०।००० | ०।०० | १ | वित्तिय समानीकरण | | १०४२९५२४५।०० | ७६४२२५००।०० |
| ग) | सवारी साधन कर बांडफांड | | ०।००० | ३२२७८२१।०० | २ | सशर्त अनुदान | | ७८२०००।०० | ३७०८०००।०० |
| घ) | अन्य अनुदान | | ०।००० | ०।०० | ३ | न.पा.अनुदान (पूजिगत खर्च) | ३४७६३१०१।०० | | |
| ३ | **आन्तरिक स्रोत** | **१९०४८९८६।३४** | **१६५६००००।००** | **४३४०००००।००** | ४ | राजश्व बांडफांडबाट | | ०।०० | ७९५५७४५।०० |
| क) | स्थानीय संचितकोषमा दाखिला हुने राजश्व | **१९०४८९८६।३४** | **१६५६००००।००** | **४३४०००००।००** | ५ | अन्य अनुदान | १२९०३५६७।०० | ६०००००।०० | |
| १ | राजश्व | १९०४८९८६।३४ | १६५६००००।०० | ४३४०००००।०० | २ | **प्रदेश सरकार अनुदान खर्च** | ०।०० | ०।०० | १४९५८८२१।०० |
| क) | **कर** | ६०७०४१२।७९ | ७१६००००।०० | ८००००००।०० | क) | **चालु खर्च** | ०।०० | ०।०० | ११२६८८२१।०० |
| ख) | **अन्य राजश्व (रा.बांडफांड)** | ३६५९८६४।०० | ४६०००००।०० | ०।०० | १ | वित्तिय समानीकरण | | | ८०४१०००।०० |
| ग) | **लागत सहभागिता** | ४७३८३४०।०० | | | २ | सशर्त अनुदान | | | |
| घ) | **गत वर्षको मौज्दात** | ४५८०३६९।५५ | ४८०००००।०० | ३५४०००००।०० | ३ | सवारी साधन कर बांडफांड | | | ३२२७८२१।०० |
| १ | **गत वर्षको मौज्दात** | ४५८०३६९।५५ | ४८०००००।०० | ८७०००००।०० | ४ | अन्य अनुदान | | | |
| २ | आ.व.०७४।७५मा कार्यान्वयन नभएका योजनाहरुको( स्रोत निश्चित भएको) रकम | **०।००** | **०।००** | **२६७०००००।००** | ख) | **पूंजिगत खर्च** | ०।०० | ०।०० | ३६९००००।०० |
| क) | नगरपालिका भवन निर्माण | | ०।०० | १०००००००।०० | १ | वित्तिय समानीकरण | | | ३६९००००।०० |
| ख) | सालीमर्याङ्ग देखि क्याम्पस चोक सम्मको सडक स्तरउन्नती | | ०।०० | ९००००००।०० | २ | सशर्त अनुदान | | | |
| ग) | सवारी साधन जिप खरीद | | ०।०० | ४८०००००।०० | ३ | सवारी साधन कर बांडफांड | | | |
| घ) | मोटरसाईकल खरीद १० गोटा | | ०।०० | २००००००।०० | ३ | आन्तरिक स्रोत | १३२७२७०४।४० | ११९६००००।०० | ४३४०००००।०० |
| ङ) | व्याक हो लोडर संचालन वचत रकम | | ०।०० | ४०००००।०० | क) | **चालु खर्च** | ४४८१२६४।४० | ४५०००००।०० | १०११६७५७।०० |
| च) | ग्याविन तारजाली खरीद | | ०।०० | ५०००००।०० | ख) | **पूंजिगत खर्च** | ८७९१४४०।०० | ७२६००००।०० | ३३२८३२४३।०० |
| ४ | **वाह्य श्रोत (अन्य)** | | २५४७५२०।०० | | ४ | **वाह्य श्रोत (अन्य)** | ०।०० | २५४७५२०।०० | ०।०० |
| क) | जि.स.स. श्रोत | | ४७५२०।०० | | क) | जि.स.स. श्रोत | | ४७५२०।०० | |
| ख) | अन्य स्थानीय तह | | | | ख) | अन्य स्थानीय तह | | | |
| ग) | सडक वोर्ड नेपाल | | २५०००००।०० | | ग) | सडक वोर्ड नेपाल | | २५०००००।०० | |
| घ) | संघ/सस्था तथा निकाय सहयोग | | | | घ) | संघ/सस्था तथा निकाय सहयोग | ०।०० | ०।०० | ०।०० |
| १ | सरकारी संस्था | | | | १ | सरकारी संस्था | | | |
| २ | गैह सरकारी संस्था | | | | २ | गैह सरकारी संस्था | | | |
| ५ | **भूक्तानी दिने दायित्व हिसाव** | | २६०५६३३।०० | | ५ | **दायित्व हिसाव भूक्तानी (गत वर्षको सा सु रकम फिर्ता)** | | २६०५६३३।०० | |
| | गत वर्षको सामाजिक सुरक्षा रकम फिर्ता गर्न वाकी | | २६०५६३३।०० | | ६ | **मौज्दात हिसाव** | १५१४४३६३।०४ | ४८०००००।०० | ०।०० |
| | | | | | क) | **बैक मौज्दात** | १५१४४३६३।०४ | ४८०००००।०० | |
| | | | | | ख) | **नगद मौज्दात** | ०।०० | ०।०० | ०।०० |
| | **जम्मा** | १२७००९९८६।३४ | ४३५४७११५३।०० | ४९११७७८२१।०० | | | १२७००९९८६।३४ | ४३५४७११५३।०० | ४९११७७८२१।०० |

*प्रमाणीकरण मिति : २०७५/३/ ३० गते*

आज्ञाले,

प्रेम राज गिरी

प्रमुख प्रशासकीय अधिकृत



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-

गो.हु.द.नं. १६।२०६२।६३